भैरवी गाउँपालिका भैरीकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

# भैरवी गाउँपालिका शिक्षा ऐन-२०७८

भैरवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
भैरीकालिकाथुम ,दैलेख
कर्णाली प्रदेश,नेपाल ।

प्रेमबहादुर बुढा
अध्यक्ष

भैरवी गाउँपालिका शिक्षा ऐन ,२०७८

गाउँसभाबाट स्वीकृत मिति: २०७८/०९/२६
प्रमाणीकरण मिति : २०७८/०९/२८
२०७८ सालको ऐन नं. १

भैरवी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

**प्रस्तावना:** नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र भैरवी गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका प्राथमिक,आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भैरवी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "भैरवी गाउँपालिका शिक्षा ऐन २०७८"रहेको छ ।
(२) यो ऐन भैरवी गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।
(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।
२.**परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :
(क)"ऐन" भन्नाले भैरवी गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनुपर्छ ।
(ख)"संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।
(ग)"प्रदेश शिक्षा ऐन" भन्नाले कर्णाली प्रदेशको संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।
(घ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको भैरवी गाउँपालिकालाई सम्झनुपर्छ ।
(ङ) "कार्यपालिका" भन्नाले भैरवी गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।
(च)"विद्यालय शिक्षा"भन्नाले प्राथमिक शिक्षा,आधारभूत शिक्षा र माध्यमिक शिक्षा सम्झनुपर्छ ।
(छ)"प्रारम्भिक बालशिक्षा"भन्नाले चार वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि दिइने शिक्षालाई सम्झनुपर्छ ।
(ज)"आधारभूत शिक्षा"भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।
(झ)"माध्यमिक शिक्षा"भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।
(ञ)"विशेष शिक्षा"भन्नाले दृष्टिविहिन,बहिरा,अटिज्म,बौद्धिक अपाङ्गता,सुस्तश्रवण वा अति आशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षालाई सम्झनुपर्छ ।
(ट)"समावेशी शिक्षा"भन्नाले देहायको शिक्षा सम्झनुपर्छ :-

१)दृष्टिविहिन,न्यूनदृष्टियुक्त,बहिरा,सुस्तश्रवण,अटिज्म,बौद्धिक,शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा,

(२)सामाजिक,आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ठ)"प्राविधिक तथा व्यबसायिक शिक्षा"भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयबस्तु सिकाईको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा९देखि कक्षा१२ सम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।
(ड)"विद्यालय"भन्नाले सामुदायिक विद्यालय र संस्थागत विद्यालयलाई सम्झनुपर्छ ।
(ढ)"सामुदायिक विद्यालय"भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।
(ण)"संस्थागत विद्यालय"भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउनेगरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनुपर्छ ।
(त)"प्रारम्भिकबाल शिक्षा केन्द्र" भन्नाले खण्ड(छ)बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बालशिक्षा केन्द्र, नर्सरी, किन्डरगार्डन र मन्टेस्वरी शिक्षा लगायतलाई सम्झनुपर्छ ।
(थ)"आधारभूत विद्यालय भन्नाले खण्ड(ज)बमोजिमको शिक्षा दिइने विद्यालयलाई सम्झनुपर्छ ।
(द)"माध्यमिक विद्यालय भन्नालि खण्ड(ज)र(झ)वा खण्ड(झ)बमोजिमको शिक्षा दिइने विद्यालयलाई सम्झनुपर्छ ।
(ध)"धार्मिक विद्यालय"भन्नाले परम्परागतरुपमा चलिआएका गोन्पा,गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।



मनबहादुर बुढा
अध्यक्ष

(न) "आवासीय विद्यालय" भन्नाले नेपालसरकर, प्रदेश सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृति प्राप्त गरेका विद्यालयलाई सम्झनुपर्छ।

(प) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(फ) "प्रदेशमन्त्रालय" भन्नाले कर्णाली प्रदेशको शिक्षा हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(ब) "शिक्षक सेवा आयोग" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको स्थायी नियुक्तिका लागि सिफारिस गर्ने आयोग सम्झनुपर्छ।

(भ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्छ।

(म) "विद्यालय शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको विद्यालय शिक्षक किताबखानलई सम्झनुपर्छ।

(य) "अध्यक्ष" भन्नाले भैरवी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(र) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भैरवी गाउँपालिकाकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ल) "शिक्षा प्रमुख" भन्नाले भैरवी गाउँपालिकाको शिक्षा ,युवा तथा खेलकुद शाखाको शिक्षा अधिकृत वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(व) "निरीक्षक" भन्नाले विद्यालयको निरीक्षण एवं सुपरीबेक्षण गर्ने तोकिएको शिक्षा अधिकृत कर्मचारीलाई सम्झनुपर्छ।

(श) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक एवं प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ।

(ष) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सोशब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(स) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सोशब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु वा आमा वाबुको तर्फको बाजे वा बज्यैलाई जनाउँछ। र त्यस्ता अभिभावक नभएका विधयार्थीको हकमा त्यस्तो विधार्थीलाइ संरक्षकत्व प्रदान गर्ने व्याक्तिलाई समेत जनाउँछ।

(ह) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ।

(क्ष) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षालाई सम्झनुपर्छ।

(त्र) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षलाई सम्झनु पर्छ।

(ज्ञ) "अनुमति" भन्नाले नेपालसरकार वा गाउँपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिईएको अस्थायी स्वीकृतिलाई सम्झनुपर्छ।

(ज्ञ१) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरागरेको विद्यालयलाई नेपाल सरकारकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ।

(ज्ञ२) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्ले स्थापना गरेको सार्वजनिक वा निजीगुठीलाई सम्झनुपर्छ।

(ज्ञ३) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधिलाई सम्झनु पर्छ।

(ज्ञ४) "शिक्षा समिति" भन्नाले यसै ऐन बमोजिम गठन भएको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ।

(ज्ञ५) "परीक्षा समिति" भन्नाले आधारभूत शिक्षाको अन्त्यमा लिइने परीक्षा संचालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनुपर्छ।

(ज्ञ६) "व्यवस्थापन समिति" भन्नाले यसै ऐन बमोजिम विद्यालयहरुमा गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ज्ञ७) "शुल्क" भन्नाले तोकिए बमोजिमका विद्यालयले दफा अनुसार विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ।

(ज्ञ८) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

(ज्ञ९) "स्थानीय सरकार सञ्चालन ऐन" भन्नाले संघीय संसदले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४लाई सम्झनुपर्छ।

(ज्ञ१०) "सभा" भन्नाले भैरवी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

(ज्ञ११) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका वा नगरपालिकलाई सम्झनुपर्छ।



प्रेमबहादुर बुढा
अध्यक्ष

भैरवी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

(ञ१२) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ । -

ञ) "पालिका अनुदान कोटा" भन्नाले भैरवी गाउँपालिकाले विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्नको लागि दिएको अनुदान कोटा सम्झनुपर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनु पर्ने :** (१) गाउँपालिका बाहेक अन्य कुनै नेपाली नागरिकले विद्यालय खोल्न, कक्षा थप र तह थप तथा विषय थप गर्न चाहेमा सम्बन्धित वडाको सिफारिस सहित प्रारम्भिक बाल शिक्षादेखि दस कक्षा सम्म माघ मसान्तसम्म र कक्षा एघार तथा बाह्रका लागि वैसाख मसान्तसम्म तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिंदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय शैक्षिक गुठी वा सहकारी कुन रुपमा सञ्चालन गर्ने हो, सो व्यहोरासमेत निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शाखा अधिकृतले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार तोकिएको शर्तबन्देज पालना गर्नेगरी अनुमति दिइनेछ ।

(३)उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालनमा रहेको विद्यालयले तोकिएको शर्तबन्देज पालना तथा पूरा गरेमा गाउँकार्यपालिकाले सो विद्यालयलाई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम गाउँ शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकामा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) (क) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विधान बनाई गाउँपालिकामा दर्ता गराउनुपर्नेछ ।

(ख) शैक्षिक गुठी निजी वा सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ ।

(ग) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) निजीस्रोतबाट प्रारम्भिक बाल शिक्षा केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१)बमोजिम हुनेछ ।

(९) सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृया पूरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम नै हुनेछ ।

(११) प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१२) उपदफा ९ बमोजिम अनुमति वा स्वीकृत प्राप्त विद्यालयको सञ्चालन सम्बन्धी अन्यव्यवस्था तोकिए बमोजिम हुनेछ।

**४.विशेष शिक्षा,समावेशी शिक्षा,अनौपचारिक शिक्षा,निरन्तर शिक्षा,दूरशिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

(१)गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेषशिक्षा,समावेशीशिक्षा,दूर तथा खुलाशिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२)दूर शिक्षा, विशेषशिक्षा र समावेशी शिक्षासम्बन्धी व्यवस्था साधारण शिक्षासरह हुनेछ ।

३)उपदफा(२)मा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष शिक्षातर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम पाठ्यपुस्तक,सिकाईसहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिने छ ।

(४) गाउँपालिकाले आवश्यकता अनुसार सामुदायिक सिकाई केन्द्रमार्फत साक्षरोत्तर एवं निरन्तर शिक्षा लगायतका अन्य अनौपचारिक शैक्षिक कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

 टेकबहादुर बुढा
अध्यक्ष

(५) तोकिएको मूर्याधार पूरा गरेको पाइएमा गाउँपालिकाले कुनै संस्थागत विद्यालयलाई यस दफामा उल्लेखित कार्यक्रमहरु आफ्नै स्रोतमा संचालन गर्न अनुमति दिन सक्नेछ ।

(६)विशेषशिक्षा, समावेशीशिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५.शिक्षाको प्रकार:** (१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

(क)आधारभूतशिक्षा: (१)साधारण शिक्षा

(२)परम्परागत धार्मिक शिक्षा

३) संस्कृत शिक्षा

(ख)माध्यमिक शिक्षा: (१)साधारण शिक्षा

(२)परम्परागत धार्मिक शिक्षा

(३)प्राविधिक तथा व्यवसायिक शिक्षा

४) संस्कृत शिक्षा

**६.शिक्षाको माध्यम:** (१)विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२)उपदफा(१)मा जुन सुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क)आधारभूत तहको प्रारम्भिक बालशिक्षा देखि कक्षा ५ सम्म विद्यार्थी को मातृभाषा मा शिक्षा दिन सकिने छ ।

(ख)गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाविषय अध्ययन गर्न सक्नेछ र सो सम्बन्धी व्यवस्था गाउँपालिकाको समन्वयमा विद्यालयले मिलाउनु पर्नेछ ।

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**७.विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** (१)विद्यालयले संघीय सरकार,प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम पाठ्यपुस्तक र अन्यसन्दर्भ सामग्री लागु गर्नुपर्नेछ ।

(२)पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानुन, प्रदेश कानुनमा व्यवस्था भए बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

**८. गाउँ शिक्षा समिति :** १) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय लगायतका कार्य गर्नको लागि देहायबमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष वा सो काम गर्न तोकिएको व्यक्ति — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत, भैरवी गाउँपालिका — सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक — सदस्य

(घ) गाउँकार्यपालिकाका सदस्यहरु मध्येबाट महिला र दलित समुदायको प्रतिनिधत्व हुनेगरी गाउँकार्यपालिकाले तोकेको दुईजना — सदस्य

(ङ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना — सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका कम्तीमा एक जना महिला सहित दुई सदस्य

(छ) स्थानीय तहका समाजसेवी/ शिक्षा क्षेत्रमा क्रियाशील शिक्षा प्रेमी मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य

(ज) शिक्षक महासंघको गाउँ समितिको अध्यक्ष वा निजले तोकेको गाउँ समितिको पदाधिकारी एकजना सदस्य

(झ) शिक्षा युवा तथा खेलकुद शाखाको शिक्षा अधिकृत — सदस्य-सचिव

प्रेमबहादुर बुढा
अध्यक्ष

(२) समितिमा मनोनित सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ ।त्यस्ता सदस्यहरु पुनमनोनति हुन सक्ने छन । त्यस्ता सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

(३) समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारी वा शिक्षकलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार: प्रचलित कानून बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) बालबालिकालाई आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराइराख्ने,

(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराइराख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

(ङ) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरीवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

(ञ) गाउँपालिका क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता जनशक्तिलाई स्वयंसेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ट) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(ठ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(ड) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सो को लागि पुरस्कारको व्यवस्था गर्ने,

(ढ) आफ्नो क्षेत्रभित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि व्यवस्था गर्ने,

(ण) आफ्नो क्षेत्रभित्र दूर शिक्षा विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकुल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(त) विद्यालयहरुको विपद जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना तयार गर्ने,

(थ) विद्यालय शिक्षामा सुधारका लागि गाउँ शिक्षा नीति तथा योजना बनाई स्वीकृतिका लागि गाउँ सभामा पेस गर्ने,

(द) आफ्नो सेवा क्षेत्रभित्र विद्यालय सञ्चालन अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्यगर्ने गराउने,

(ध) आफ्नो सेवा क्षेत्रभित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरवन्दीमा स्थायी नियुक्तिका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने,

(न) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीको लागि समितिको राय सहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कार्यवाही गर्ने, गराउने,

(प) गाउँपालिकाको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने,

(फ) विद्यालय नक्सांकन तथा समायोजन सम्बन्धि कार्य गर्ने,

(ब) गाउँशिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

प्रेमबहादुर बुढा
अध्यक्ष

(५) गाउँशिक्षा समितिको बैठकको प्रमाणीकरण अध्यक्षले गर्नेछ ।

**९. अधिकार प्रत्यायोजन :** (१)गाउँ शिक्षा समितिले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्यसचिव वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१०.गाउँशिक्षा समितिको बैठक :** (१) गाउँ शिक्षा समितिको बैठक सामान्यतया दुई महिनामा एकपटक बस्नेछ ।

(२) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

**११.परीक्षाको सञ्चालन र व्यवस्थापन :**(१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐनबमोजिम हुनेछ ।

(२) आधारभूत तहको अन्तिम परीक्षा गाउँपालिकाले सञ्चालन गर्नेछ ।

(३) आधारभूत तह परीक्षा समितिः आधारभूत तह परीक्षाको संचालन तथा व्यवस्थापन तथा नतिजा विश्लेषण समेतको कार्य गर्न देहाय बमोजिमको आधारभूत तह परीक्षा समिति हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत, भैरवी गाउँपालिका -अध्यक्ष

(ख) निम्न माध्यामिक तथा माध्यामिक विधालयका स्थायी शिक्षकहरुको प्रतिनिधित्व हुनेगरी कम्तिमा एक जना महिला सहित स्थानीय शिक्षा अधिकृतले मनोनित गरेका ३ जना -सदस्य

(घ) शिक्षा युवा तथा खेलकुद शाखाका शिक्षा अधिकृत -सदस्य-सचिव

(४) समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(५) परीक्षा समितिले विषयविशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(७) आधारभूत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

क) परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने,

ख) गाउँपालिकाले तोकेको न्युनतम शैक्षिकस्तर कायम गरेका विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफै वा समूहगत रुपमा सञ्चालन गर्न अनुमति दिने,

ग) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ति गर्ने,

घ) प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने,

ङ) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

च) परीक्षाफल प्रकाशित गराउने तथा उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने,

छ) परीक्षा शुल्क तथा परीक्षासम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

ज) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षा रद्द गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

झ) प्राकृतिक प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्तै आवश्यक निर्णय लिने,

ञ) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले तोकेबमोजिमको अन्य कार्य गर्ने ।

ट) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै उपसमिति वा कार्यटोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१२.गाउँ शिक्षा कोष :**(१)सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकहरुलाई प्रोत्साहन तथा क्षमता विकासका कार्यगर्न तथा आधारभूत तह परीक्षा सञ्चालनमा सहयोग पुऱ्याउन गाउँपालिकामा एक गाउँशिक्षा कोष रहनेछ ।

(२)उपदफा(१)बमोजिमको कोष मा देहायका रकमहरु रहनेछन्:-

(क)गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

प्रेमबहादुर बुढा
अध्यक्ष

(ख)संस्थागत विद्यालयबाट प्राप्त तोकिए बमोजिमको रकम,
(ग)शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार प्राप्त हुने रकम,
(घ)अन्य स्रोतबाट प्राप्त रकम ।
(३)कोषको सञ्चालन, व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

१३.विद्यालय व्यवस्थापन समिति : (१)सामुदायिक विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालया देहायका सदस्यहरु रहेका एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क)अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना — सदस्य
(ख)विद्यालय रहेको सम्बन्धित वडाको वडाअध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य — सदस्य
(ग)विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दशवर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई दशलाख वा सोभन्दा बढी नगदवा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना — सदस्य
(घ)विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना — सदस्य
(ङ)विद्यालयको प्रधानाध्यापक — सदस्य-सचिव

(२)विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचासप्रतिशत सदस्यहरु अपाङ्गताभएका विद्यार्थीका अभिभावकहरु र समावेशी वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछ ।

३) प्राविधिक र व्यावसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका दुई जना प्रतिनिधि सदस्य रहनेछन् ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६)सम्बन्धित शिक्षा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकका रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क)विद्यालयका संस्थापक, लगानीकर्ता वा अभिभावकहरुमध्येबाट विद्यालयको सिफारिसमा शिक्षा अधिकृतले मनोनित गरेको व्यक्ति — अध्यक्ष
ख) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका एकजना महिलासहित दुईजना — सदस्य
ग) विद्यालय रहेको सम्बन्धित वडाको वडाअध्यक्ष वा वडासमितिले मनोनित गरेको वडासमितिको सदस्य — सदस्य
(घ)सम्बन्धित शिक्षा युवा तथा खेलकुद शाखाका प्राविधिक सहायक — सदस्य
(ङ)विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना — सदस्य
(च)विद्यालयको प्रधानाध्यापक — सदस्यसचिव

(८)उपदफा(१), (४), र (७) बमोजिम छानिएको वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेशगर्ने मौकाबाट बन्चित गरिने छैन ।

(९)सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-
(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,



प्रेमबहादुर बुढा
अध्यक्ष

भैरवी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिसको लागि छनोट गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

भैरवी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

(ङ) नेपाल सरकारबाट स्वीकृत भएको दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पदपूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र विद्यालय व्यवस्थापन समितिको निर्णयसहित गाउँपालिकामा लेखी पठाउने,

(च) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने,

(छ) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन वा प्रचलित नेपाल कानुन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न पाउने विषयमा विभागीय कारवाही गरी त्यसको जानकारी गाउँपालिकालाई दिने तथा आफूलाई कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीको लागि सिफारिस गर्नुपर्ने भएमा आवश्यकता अनुसार आफ्नो रायसहितको प्रतिवेदन गाउँपालिकामा पठाउने,

(झ) विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वियन गर्ने, गराउने

(ञ) विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागु गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गराई राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ण) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(त) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(थ) निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिकामा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(द) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(ध) गाउँपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(न) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा गाउँपालिकामा माग गर्ने,

(प) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(फ) विद्यालयको विपद्जोखिम अवस्था लेखाजोखा गरी प्रभावन्यूनीकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(ब) विद्यालयको चलअचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(भ) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारवाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई शिक्षा अधिकृत मार्फत गाउँपालिकाबाट स्वीकृत गराई लागुगर्ने,

(म) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्यपूरा नगरेमा प्रचलित कानुन बमोजिम सचेतना राउने, बढीमा दुईग्रेड वृद्धि रोक्का गर्ने वा बढीमा दुईवर्षसम्म बढुवा रोक्का गर्न गाउँपालिका समक्ष कारवाहीको लागि सिफारिस गर्ने, तर यसरी विभागीय कारवाही अगाडि बढाउँदा सफाइको मनासिव मौका दिनु पर्नेछ ।

(य) गाउँपालिकाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(र) विद्यालयको सामाजिक परीक्षण गराई सम्बन्धित निकायहरुमा प्रतिवेदन गर्ने ।

(ल) स्थायी नियुक्ति भई आउने शिक्षकलाई विद्यालयमा हाजिर गराउने व्यवस्था मिलाउने ।

(व) तोकिए बमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने ।

(श) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

(११) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :



प्रेमबहादुर बुढा
अध्यक्ष

(क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वयगरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(ग) विद्यार्थीहरूलाई परीक्षामा सामेल गराउने,

(घ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ङ) प्रत्येकवर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्ष को आय, व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(च) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्न तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्त गर्ने र विद्यालयको नियमावलीमा व्यवस्था गरी स्थायी पदपूर्तिको प्रक्रिया शुरु गर्ने,

(छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकले पाउने तलवभत्तामा नघट्ने गरी सुविधा उपलब्ध गराउने,

(ज) शिक्षक तथाकर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(झ) खण्ड (ज) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

(ञ) आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने,

(ट) विद्यालयको लेखापरीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखापरीक्षक हरुमध्येबाट कम्तीमातीनजना लेखापरीक्षकको नाम नियुक्तिको लागि पालिका समक्ष सिफारिस गर्ने,

(ठ) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचारसंहिता बनाई लागु गर्ने,

(ड) गाउँपालिकाको निर्देशन अनुरूप काम गर्ने ।

(ढ) तोकिएबमोजिम शिक्षक-अभिभावक संघ गठन गर्ने ।

(ण) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

त) नेपाल सरकारले लागु गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने र अन्य सहयोगी पाठचपुस्तक पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले स्वीकृत गरेका पाठ्यपुस्तकको सूचीमध्येबाट शिक्षा शाखा प्रमुखको स्वीकृति लिनुपर्नेछ ।

(१२) व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१३) व्यवस्थापन समितिको छनोट योग्यता तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने** : (१) देहायको अवस्था वा तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई शाखा प्रमुखको सिफारिसमा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) नेपाल सरकार, प्रदेश सरकारवा गाउँपालिकाको नीति विपरित काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालना नगरेमा । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौक दिनु पर्नेछ ।

(२) उपदफा(१)बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्ने छ । उक्त समितिको म्याद बढिमा ६महिनाको हुनेछ ।

प्रेमबहादुर बुढा
अध्यक्ष

१५.विद्यालयको सम्पत्ति : (१) विद्यालयको नाममा रहेको चल-अचल सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र सदस्य सचिवको दायित्व प्रधानाध्यापकको हुनेछ।

(२)सामुदायिक विद्यालयको चल-अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको चल-अचल सम्पत्तिको व्यवस्थापन गाउँपालिकाले गर्नेछ।

(३)शैक्षिक गुठी तथा सहकारीको रुपमा संचालित संस्थागत विद्यालयको चल-अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र यो सम्पत्तिको स्वरुप गाउँपालिकाको स्वीकृती विना परिवर्तन हुनेछैन।

(४)कम्पनीको रुपमा संचालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ।

(५)संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघसंस्थासंग दानदातव्यको रुपमा कुनै किसिमको चल-अचल सम्पत्ति प्राप्त गनु अघि शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ।

(६) उपदफा (५)बमोजिमको सम्पत्ति गाउँपालिकाको स्वीकृति वेगर सट्टापट्टा र बेचविखन गर्न पाईनेछैन।

(७) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६.विद्यालयको बर्गीकरण : विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

१७. निःशुल्क शिक्षा तथा शुल्कसम्बन्धी व्यवस्था : (१)नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुद्रायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) कुनै संघसस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान,उपहार,चन्दा वा सहयोग लिनसकिनेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ।

(४) दृष्टिविहिन बालबालिकालाई ब्रेललिपी तथा बहिरा तथा स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिईसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउनेछैन।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिनपाउने छैन।

(७) संस्थागत विद्यालयले लिन पाउने तोकिएबमोजिमको शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ। यसरी शुल्क निर्धारणको स्वीकृती दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ।

(८) संस्थागत विद्यालयले लिनपाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(९) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्छ।

(१०) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई गाउँपालिकाले पचासहजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने छ।

१८.विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था : (१)नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

(२) संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई क्रमशः शतप्रतिशत,पचासप्रतिशत तथा पच्चिस प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ।

(३) संस्थागत विद्यालयले विद्यालया भर्ना भएका कूल विद्यार्थीसंख्याको कम्तीमा दश प्रतिशतमा नघट्नेगरी तोकिए बमोजिम विपन्न तथा गरिव, महिला, जनजाति, दलित, अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुनेछ।

(४) विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न तोकिए बमोजिमको छात्रवृत्ति वितरण समिति रहनेछ।

(५) उपदफा(३)बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्ने आधारहरु तथा प्रक्रियासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।



प्रेमबहादुर बुढा
अध्यक्ष

१९.बालबालिकालाई अनिवार्यरुपमा विद्यालयमा पठाउनु पर्ने :(१) सबै अभिभावकले चार वर्ष पूरा भएका बालबालिकालाई प्रारम्भिक बाल शिक्षा र पाँचवर्ष पूरा भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्यरुपमा विद्यालयप ठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्र भित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा गाउँ शिक्षा समिति,सम्बन्धित वडाको वडाअध्यक्ष,शिक्षा अधिकृत तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झाई, बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई गाउँपालिकाबाट उपलब्ध गराउने सेवा सुविधाबाट वञ्चित गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन गराउनु पर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न विद्यार्थी भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागू गर्न दायित्व शिक्षा समितिको हुनेछ ।

२०.विद्यालय खोल्न,कक्षा थप गर्न,नाम परिवर्तन गर्न,सार्न,गाभ्न,समायोजन गर्न,कक्षा वा तह घटाउन वा बन्द गर्न सक्ने:

(१)सम्बन्धित वडाको सिफारिसमा गाउँ शिक्षा समितिले कुनै ठाउँमा विद्यालय खोल्न,कक्षा थप गरी सञ्चालन गर्ने अनुमति दिन,विद्यालयको नाम परिवर्तन गर्न,सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न,दुई वा सोभन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न,एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्ने छ ।

(२) गाउँपालिकाले दुई वा सो भन्दा बढी सामुदायिक विद्यालयहरुलाई एक आपसमा गाभी वा समायोजन गरी एकीकृत आवासीय विद्यालयको रुपमा संचालन गर्न सक्नेछ ।

(३) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था, तोकिए बमोजिम हुनेछ ।

२१.शिक्षकको सरुवा :

(१) सरुवा हुन चाहने स्थायी शिक्षकले तोकिए बमोजिमको निवेदन फाराम भरी गाउँपालिकाको शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

(२)उपदफा(१)बमोजिम निवेदन प्राप्त भएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार शिक्षा अधिकृतले दरवन्दी रिक्त र विषयमिल्ने देखिएमा त्यस्तो शिक्षकलाई आफ्नो पालिका भित्र सरुवा गर्न सक्ने छ । तर त्यसरी सरुवा गर्दा निवेदकले कार्यरत विद्यालय, सम्बन्धित वडा तथा विधालय व्यवस्थापन समितिको सहमति लिनु पर्नेछ ।

(३) उपदफा(१)र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै विद्यालयमा पाँचवर्ष सेवाअवधि पूरा गरेको स्थायी शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा गाउँपालिकाले आफ्नो गाउँपालिका भित्रको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्ने छ । तर दरवन्दी मिलान गर्दा वा तोकिए बमोजिमको विशेष कारणबश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँचबर्ष पूरा नभएको भएपनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

(४) स्थायी नियुक्ती लिएको एकवर्ष नपुगेको शिक्षक र अनिवार्य अवकास हुन एकवर्ष वा सो भन्दा कमअवधि बाँकी रहेको शिक्षकको सामान्यतया सरुवा गरिने छैन ।

२२.शिक्षक छनोट समिति :(१) सामुदायिक विद्यालयमा (प्रधानाध्यापक वा करार,सशर्त अनुदान र गाउँपालिका अनुदान) शिक्षक नियुक्तिका लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनोट समिति रहनेछ ।

(क)विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

(ख)सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा शिक्षा अधिकृत -सदस्य

(ग)गाउँपालिकामा सूचिकृत विषय विशेषज्ञहरुमध्ये एक जना महिला सहित दुईजना -सदस्य

(घ)प्रधानाध्यापक -सदस्य-सचिव

(२) शिक्षक सेवा आयोगले शिक्षक छनोट गर्ने सम्वन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनोट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।



प्रेमबहादुर बुढा
अध्यक्ष

(३) शिक्षक छनोट समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) गाउँपालिकाले आवश्यक ठानेमा कार्यविधि तयार गरी गाउँपालिकाका सबै सामुदायिक विद्यालयमा रिक्त पदमा शिक्षक करार नियुक्ति गर्नका लागि वार्षिकरुपमा खुला विज्ञापन गरी आवश्यकताअनुसारको अस्थायी करार सूची तयार गर्न र नियुक्तिका लागि सिफारिस गर्न बाधा पर्ने छैन ।

(५) शिक्षक सेवा आयोगको अस्थायी करार सूचीमा रहेका शिक्षकलाई नियुक्तिको लागि प्राथमिकता दिइनेछ ।

२३.**करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारबाट स्वीकृत दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले शिक्षा युवा तथा खेलकुद शाखाबाट शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरेको सूची प्राप्त भएपछि सूचीमा रहेका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमका आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनोट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा अधिकृतबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) राहत अनुदान, संघीय कोटामा करार शिक्षक छनोट सम्बन्धी व्यवस्था यसै दफामा उल्लेख भए बमोजिम हुनेछ ।

२४.**विद्यालय तथा प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान :**

(१)गाउँपालिकाले सामुदायिक विद्यालयहरुलाई देहायको आधारमा अनुदानको बाँडफाँड गर्नेछ ।

(क)विद्यालयको विद्यार्थी संख्या

(ख)विद्यालयको शिक्षक संख्या

(ग)विद्यालयको सिकाई उपलब्धी

(घ)विद्यालयको आर्थिक अवस्था

(ङ) विधालय सेवाक्षेत्रको भौगोलिक विकटता

(२)गाउँपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षाकेन्द्रलाई तोकिए बमोजिम गाउँपालिकाले अनुदान दिन सक्ने छ ।

(३)विद्यालयले प्राप्त गरेको रकम जुन कामको लागि खर्च गर्न निकासा भएको हो सोही शीर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार खर्चगर्नुपर्नेछ ।

(४)यो ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिदैं आएको अनुदान रकममा कटौती गरिने छैन । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा र विद्यालयको तह वा कक्षा घटेकोमा वा समायोजन भएकोमा त्यस्तो विद्यालयलाई दिदै आएको अनुदान रकममा कटौती गर्न कुनै बाधा पर्नेछैन ।

२५.**साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने:**

(१) गाउँपालिकाले सामुदायिक विद्यालय र गुठी, कम्पनी तथा सहकारी अन्तर्गत संचालित विद्यालयहरु बिच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२)उपदफा(१)बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम, कर्तव्यर अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६.**सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :**

(१)गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास,निरन्तर सिकाई र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२)सामुदायिक सिकाईकेन्द्र एक वडामा एउटा भन्दा बढी हुने छैन ।



प्रेमबहादुर बूढा
अध्यक्ष

(३)सामुदायिक सिकाई केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७.निर्देशन दिन सक्ने :(१)कार्यपालिकाले आवश्यकता अनुसार गाउँशिक्षा समिति, र विद्यालयव्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२)उपदफा(१)बमोजिम दिईएको निर्देशनको पालना गर्नु गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

२८.अनुमति वा स्वीकृती रद्द गर्ने :कुनै विद्यालयले यो ऐन,यस अन्तर्गत बनेका नियमावली, निर्देशिका,कार्यविधि,मापदण्ड वा गाउँपालिकालेदिएको निर्देशन विपरित काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृतिमा गाउँपालिकाले रद्द गर्नेछ ।

२९.विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने :

१)विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा सिकाईसहजीकरण गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षितक्षेत्र कायम गर्नुपर्नेछ ।

(२)उपदफा(१)बमोजिम विद्यालयलाई सुरक्षितक्षेत्र कायम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०.बालबालिकालाई शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :

(१)विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

३१.शिक्षक तथा कर्मचारीको पदीय आचरण:

(१)शिक्षकहरु उच्च आदर्शले प्रेरित भई सिकाई सहजीकरण कार्यमा संलग्न हुनुपर्नेछ ।

(२)शिक्षक तथा कर्मचारीहरुको लागि आचारसंहिता तोकिए बमोजिम हुनेछ तोकिएका आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(३)तोकिएको आचारसंहिताको पालना नगरेमा एवम् देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ ।

क)पदीय दायित्व पूरा नगरेमा,

ख)विना सूचनालगातार १५दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग)विद्यालयमा मादकपदार्थ सेवनगरी आएको प्रमाणित भएमा,

घ)नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजायँ पाएमा,

ङ)सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा कामगरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

च)शिक्षक वा कर्मचारी राजनीतिकदलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनुपर्छ ।

३२.शिक्षकलाई अन्य काममा लगाउन नहुने :(१)सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२)उपदफा (१)मा जुन सुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठनपाठन मा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना,निर्वाचन सम्बन्धी काम,प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३३.तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने:

नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वाकर्मचारीले अनुपस्थित अवधिको तलवभत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुनेछैन ।

३४.स्थायी आवासीय अनुमति लिन नहुने :

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वाकर्मचारीले स्थायीआवासीय अनुमतिलिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवा बाट बर्खास्त गरिने छ । यसरी वर्खास्त हुने शिक्षकले संघीय शिक्षा ऐनमा उल्लेख भए अनुसारका सुविधा मात्र प्राप्त गर्नेछ ।

३५.कर्मचारी सम्बन्धी व्यवस्था :



प्रेमबहादुर बुढा
अध्यक्ष

विद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा तोकिए बमोजिम हुनेछ ।

**३६.शिक्षक विद्यार्थीको अनुपात,दरबन्दी मिलान र थप शिक्षक सहायता :**

शिक्षक विद्यार्थीको अनुपात दरवन्दी मिलान र थप शिक्षक सहायता तोकिए बमोजिम हुनेछ ।

**३७.ट्युसन, कोचिङ, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालनसम्बन्धी व्यवस्था :**(१)ट्युसन, कोचिङ,शैक्षिकपरामर्शसेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा लगायतका सेवा सञ्चालनगर्न गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ

(२)ट्युसन, कोचिङ,शैक्षिकपरामर्शसेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा लगायतका सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३८दण्ड र सजाय :** (१) ऐनको दफा ३० को उपदफा (३) को कारबाही प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनको परिपालन नगरेमा गाउँ शिक्षा समितिले रु. १ हजारदेखि रु. २५ हजारसम्म जरिवाना गर्न सक्नेछ । (३) उपदफा (२) बमोजिमको सजायमा चित्त नबुझेमा ३५ दिनभित्र न्यायिक समितिमा पुनरावेदन दिन सकिनेछ ।

**३९.नियम बनाउने अधिकार:**

(१)यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

(क)विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु

(ख)विद्यालयको छात्रवृत्ति

(ग)विद्यालयलाई दिइने अनुदान

(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा संचालन र व्यवस्थापन

(ङ)विद्यार्थी सिकाई उपलब्धीको परीक्षण तथा मूल्याङ्कन

(च)विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान

(छ)विद्यालय नक्सांकन र समायोजन

(ज)प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग

(झ)माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन

(ञ) प्रारम्भिक बालशिक्षा केन्द्र व्यवस्थापन

(ट) विद्यालयको सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम

(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा

(ड) विद्यालयको नामाकरण

(ढ) विद्यालयमा छात्रवास संचालन सम्वन्धि व्यवस्था

(ण) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भसामग्री

(त) विशेष तथा समावेशी शिक्षा

(थ) अनौपचारिक तथा निरन्तरशिक्षा

(द) दूर तथा खुला शिक्षा

(ध) गाउँ शिक्षा कोष

(न) विद्यालयको कोष

(प) विद्यालयको पुस्तकालय र वाचनालय

(फ) ट्युसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापनसेवा

(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा

(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम

(य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता, काम, कर्तव्य, अधिकार र सुविधा



प्रेमबहादुर बुढा
अध्यक्ष

भैरवी गाउँपालिका, भैरीकालिकाथुम, दैलेख, कर्णाली प्रदेश, नेपाल

(र) विद्यालयको झण्डा,चिन्ह र प्रार्थना

(ल) विद्यालयको परीक्षा

(व) स्थानीय पुस्तकालय र वाचनालय संचालन सम्बन्धी व्यवस्था

(श) अभिभावक शिक्षा

(ष)गाउँपालिका अनुदान शिक्षक व्यावस्थापन

(स)पालिका अनुदान कोटामा शिक्षक व्यवस्थापन सम्वन्धमा

**४०.बाधा अड्काउ हटाउने अधिकार :**

यस ऐनको कार्यान्वयनमा बाधा अड्काउ परेमा भैरवी गाउँकार्यपालिकाले आवश्यक आदेश जारी गर्नेछ ।

**४१.बचाउ र लाग नहुने :**

(१)यस ऐन अन्तर्गत बनेका दफामा लेखिएका कुराहरु यसै ऐन बमोजिम र यस मा नलेखिएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐन वा अन्तर्गत बनेका नियम कानुन अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

०७८।९।२८

प्रेमबहादुर बुढा

अध्यक्ष